# गणतन्त्र दिवस समारोह
# जिल्ला समिति बांकेको अत्यन्त जरुरी सूचना

गणतन्त्र दिवस यही २०७४ साल जेष्ठ १४, १५ र १६ गते विविध कार्यक्रमहरुको आयोजना गरी भव्यतापूर्वक मनाउने सर्न्दभमा जेष्ठ १५ गते विहान ७.०० बजे जिल्ला प्रशासन कार्यालयमा भेला भै प्रभातफेरी सहित त्रिभुवन चौक- रानीतलाउ - सब्जीमण्डी हुदै जिल्ला समन्वय समितिको प्राङ्गणमा पुगी गणतन्त्र दिवस सम्बन्धि मंचको कार्यक्रम जिसस सभाहलमा संचालन हुने भएकोले जिल्ला स्थित मा. सभासदज्यूहरु, मा.न्यायाधिशज्यूहरु , प्रमुख जिल्ला अधिकारीज्यू, जिल्ला स्थित राजनैतिक दलका प्रमुख तथा पदाधिकारीहरु, सरकारी तथा गैर सरकारी संघसंस्थाका प्रमुख/कर्मचारीहरु, सुरक्षा निकायका प्रमुखहरु, नागरिक समाज, विद्वत वर्गहरु विद्यालय तथा क्याम्पसहरु, व्यापारी, पत्रकार, गन्यमान्य, बुद्धिजिवी तथा सर्वसाधारणहरु उक्त कार्यक्रममा सहभागी भै दिन हुन हार्दिक आमन्त्रण गरिन्छ । साथै जेष्ठ १४, १५ र १६ गते साँझ आ-आफनो कार्यालय भवन तथा घर आगनमा दिपावली गर्नको लागि जिल्ला समारोह समिति, बांके अनुरोध गर्दछ ।

अन्य कार्यक्रमहरुमा जेष्ठ १४ गते नेपालगंज उप-महा नगरपालिकाको आयोजनामा जेष्ठ १४ गते विहान ७.० बजे भेरी अन्चल अस्पताल चोक देखि त्रिवेणी मोड सम्म सरसफाई कार्यक्रम संचालन गर्ने, नेपाल रेडक्रस सोसाईटी, बांके शाखाको आयोजनामा भेरी अन्चल अस्पतालको परिसरमा रहेको क्षेत्रीय रक्त संचार केन्द्रमा जेष्ठ १४ गते विहान ८.० बजे देखि रक्तदान कार्यक्रम संचालन गर्ने, यसै गरी नेपाल पत्रकार महासंघ, बांकेको आयोजनामा जेष्ठ १५ गते प्रभातफेरीको समयमा परिसम्बादको कार्यक्रम संचालन गर्ने, नेपालगंज उद्योग वाणिज्य संघको आयोजनामा जेष्ठ १६ गते विहान ९.० बजे भेरी अन्चल अस्पतालका विरामीहरुलाई फलफूल वितरण गर्ने रहेको छ भने जिल्ला समन्वय समिति र जिल्ला जन स्वास्थ्य कार्यालयको समन्वयमा जेष्ठ १६ गते विहान ९.० बजे डुडुवा गाउंपालिका वडा नं. १ (साविक होलिया गाविस) लाई खुल्ला दिशमुक्त तथा पूर्णखोप यूक्त वडा घोषणा कार्यक्रमको आयोजना गर्ने रहेकोले उक्त कार्यक्रमहरु सफलतापूर्वक सम्पन्न गर्न समेत यहांहरु सवैको उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौ ।

अध्यक्ष

गणतन्त्र दिवस समारोह जिल्ला समिति, बांके